संगीत रोयल्टी संकलन समाज नेपाल

र

.................................(श्रष्टा)

बीच भएको

<u>सांगीतिक रचनाको सार्वजनिक प्रदर्शन वापत रोयल्टी संकलन गर्ने सम्वन्धी</u>

<u>करारनामा</u>

मितिः

करार नंः

## सांगीतिक रचनाको सार्वजनिक प्रदर्शन वापत रोयल्टी संकलन गर्ने सम्बन्धी करारनामा

लिखितम् र हामी निम्न लिखित पक्षहरु निम्न लिखित विषय वस्तुको लागि निम्न लिखित शर्तहरु अनुसार गर्न गराउन मंजुर भएको हुँदा *करार ऐन,* २०५६ तथा *प्रतिलिपि अधिकार ऐन,* २०५९, *प्रतिलिपि अधिकार नियमावली,* २०६१ संगीत रोयल्टी संकलन समाज नेपालको विधान, २०६४ बमोजिम व्यवस्थापन खर्च वापत संकलित रोयल्टी २५% भन्दा बढी हुने छैन भनि यो करारनामा तयार गरी निम्न लिखित साक्षीहरुको रोहवरमा सहीछाप गरी एक एक प्रतिलिपि लियौ दियौ ।

### पक्षहरु

प्रतिलिपि अधिकार ऐन २०५९ को दफा बमोजिम गठन भएको संगीत रोयल्टी संकलन समाज नेपाल, काठमाडौको तर्फबाट अधिकार प्राप्त ....................श्री ...................................(जसलाई यस करारनामामा पहिलो पक्ष भनिएको )

### र

............जिल्ला ............. उ.म.न.पा. ⁄ गा.वि.स...............टोल......घर नं...........स्थित ⁄ बस्ने ...............................को तर्फबाट अधिकार प्राप्त ......................श्री................................... (जसलाई यस करारनामामा दोश्रो पक्ष भनिएको)

### करारको विषय वस्तु

*प्रतिलिपि अधिकार ऐन,* २०५९ को दफा ७ को खण्ड (ज), (झ), (ञ), र (ट) बमोजिम सांगीतिक रचनाको संस्थाको कार्यक्षेत्र भित्र सार्वजनिक प्रदर्शन प्रशारण समेत वापत संकलन गर्नु पर्ने रोयल्टी जसलाई यस पछि रोयल्टी भनिएको .........................................................................।

### शर्तहरु

१. संलग्न सुचिमा उल्लेख अनुसारको सांगीतिक रचना संस्थाको सदस्य भएपछि निर्मित रचनाको *प्रतिलिपि अधिकार ऐन,* २०५९ बमोजिम सार्वजनिक प्रदर्शन प्रसारण गरे वापत रोयल्टी संकलन गर्ने प्रयोजनको लागि दोश्रो पक्षले पहिलो पक्षलाई आफ्नो सांगीतिक रचनाको हस्तान्तरणको गरेको कुरामा दुवै पक्ष मंजुर गर्दछन् ।

२. दोश्रो पक्षले हस्तान्तरण गरेको सांगीतिक रचनाको सार्वजनिक प्रदर्शन (प्रशारण) वापतको प्रचलित कानुन बमोजिमको रोयल्टी संकलन गरी प्रचलित कानुन बमोजिम कर कट्टा गर्नु पर्ने

भएमा कर कट्टा गरी संस्थाको विनियम बमोजिम दोश्रो पक्षलाई रोयल्टी वितरण गर्ने कुरामा दुवै पक्ष मंजुर गर्दछन् ।

३. दोश्रो पक्षले उपलब्ध गराएको सांगीतिक रचनाको सूचिमा उल्लेखित कुनै विवरणमा कुनै पनि किसिमको विवाद आएमा प्रचलित कानुन बमोजिम सो विवादको निराकरण गर्ने जिम्मा दोश्रो पक्षकै हुने र सो विवादको कारण पहिलो पक्षलाई हानी नोक्सानी भएमको जिम्मा दोश्रो पक्षको हुने कुरामा दुवैपक्ष मंजुर गर्दछन् ।

४. माथी दफा ३ बमोजिम कुनै विवाद आएमा सो विवाद संस्थाको रेकर्डमा जनाई सो विवाद अन्तिमरुपमा निरुपण नभए सम्म निजको रोयल्टी रोक्का राखिने कुरामा दुवै पक्ष सहमत गर्दछन् ।

५. यस करारमा दुवै पक्षको सहमतिले कुनै पनि व्यहोरा फेरबदल गर्न वा नयाँ करार गर्न सकिने कुरामा दुवै पक्ष मंजुर गर्दछन् ।

६. यस करारमा असर पर्ने गरी रोयल्टी संकलन तथा वितरण सम्वन्धी प्रचलित कुनै कानुनमा संशोधन भएमा सो संशोधन पनि यसै करारमा भएसरह मानिने कुरामा दुवै पक्ष मंजुर गर्दछन् । सदस्यताको लागि आवेदन गरी सदस्यता प्राप्त नभए सम्मको अवधिको लागि आवेदन गरी सदस्यता प्राप्त नभए सम्मको अवधिको लागि यसै करार बमोजिम पहिलो पक्षले रोयल्टी संकलन तथा वितरण गर्ने गराउने कुरामा दुवै पक्ष मंजुर गर्दछन् ।

७. यो करारनामामा कुनै विवाद तथा समस्या आएमा यसमा लेखिएका कुराहरुमा सोही बमोजिम र नलेखीएको कुराहरुमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

## सहिछाप

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| नाम थरः | नाम थरः |
| सहिछापः | सहिछापः |

## साक्षी

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| ठेगानाः | ठेगानाः |
| सहिछापः | सहिछापः |

ईतिसम्बत् २०....साल .......महिना.......गते रोज ..... शुभम् ...............................................।